# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## वित्थडचिर गाउँपालिका
## बझाङ




महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

**महालेखापरीक्षकको कार्यालय**
**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या: २०७६।७७ मिति: २०७७/०३/२६
च.नं.

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
वित्थडचिर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
बझाङ ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

..........................

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या : २०७७।७८
च.नं मितिः २०७७।३।२६
श्री अध्यक्षज्यू,
बिथ्डचिर गाउँपालिका,गाउँपालिकाको कार्यालय,
बझाङ ।

**विषयः  लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले बिथ्डचिर गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन
२. लेखापरीक्षणबाट रु. ३ करोड ९ लाख ५८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २८ लाख ०८ हजार, नियमित गर्नुपर्ने रु.२० लाख ७३ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु १ करोड  १० लाख ७७ हजार र रु १ करोड ५० लाख पेश्की बाँकी रहेको छ
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।१५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहित विभिन्न ९ दफाको रु ५८ लाख ३२ को आवस्यक प्रमाण पेश हुन आएको र १ दफाको रु ५ लाख ८८ हजार हजार असुल  भई सोको प्रमाण कागजात पेश हुन आएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनवाट हटाईएको छ । अन्य दफा बेरुजु फछ्यौंट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १९ (उन्नाईस) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको,वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।
२०७७ अषाढ २६ गते ।

# बित्थडचिर गाउँपालिका,बभाङ
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने बित्थडचिर गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । सुदुर पश्चिम प्रदेशमा अवस्थित यस पालिका अर्न्तगत ९ वडारहेका छन् ।

**स्थानीय संचितकोषः** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **४४७२१०३१.६५** | १ | **चालु खर्च** | **२६३३१५९८३.८४** |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | **१७३२७३०५८.८९** |
| | ख) बैंक | ४४७२१०३१.६५ | ३ | **केद्रिय राजस्व फिर्ता** | **२६२४००.००** |
| २ | **राजस्व (आन्तरिक आय)** | **४७४९४२५७.१४** | ४ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| | क) आन्तरिक राजस्व | ४४०१८६७.८३ | | क) ऋण भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | ४३०९२३८९.३१ | | ख) ब्याज भुक्तानी | |
| | ग) अन्य आय | | | ग) अन्य भुक्तानी | |
| ३ | **वित्तीय हस्तान्तरण** | **२८१०९७०००.००** | ५ | **लगानी** | |
| | क)वित्तीय समानीकरण अनुदान | १०४६०००००.०० | | ऋण लगानी | |
| | ख) सशर्त अनुदान | १५६९८७०००.०० | | शेयर लगानी | |
| | ग) समपूरक अनुदान | १९५१००००.०० | | अन्य लगानी | |
| | घ) विशेष अनुदान | | ६ | **धरौटी फिर्ता** | **१५४७१७७.७०** |
| | ङ) अर्थ वजेट | | ७ | **कोष खर्च (निकासा फिर्ता)** | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **१३८०४५९६.०७** | ८ | **ओ.डि.एफ. खर्च** | |
| | क)वित्तीय समानीकरण अनुदान | ६८२५०००.०० | ९ | **अर्थ वजेट** | |
| | ख) राजस्व बाँडफाँड | ८५८७३१.०७ | १० | **मौज्दात** | **१०४६६८२६.०६** |
| | ग) समपूरक अनुदान | ६१२०८६५.०० | | क) नगद मौज्दात | ०० |
| | घ) विशेष अनुदान | | | ख) बैंक मौज्दात : | ७०१६१५८६.३५ |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | ग) चेक साट्न वाँकी | (६४४०३०२३/२९) |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | घ) धरौटी मौज्दात | ३२३०६३०.०० |
| | क) ऋण प्राप्ति | | | (ङ) धरौटी खाता जम्मा हुन वाँकी | १४७७६३३.०० |
| | ख) साँवा प्राप्ति | | | | |
| | ग) ब्याज प्राप्ति | | | | |
| | घ) अन्य प्राप्ति | | | | |
| ७ | **जनसहभागिता (नगद)** | | | | |
| ८ | **विषयगत निकायबाट प्राप्त रकम** | **४००५५८००.००** | | | |
| ९ | **धरौटी आय** | **६१६९९१३.००** | | | |
| १० | **लगानीको साँवा फिर्ता** | | | | |
| ११ | अन्य विविध आय आय ( अपांग,बहुक्षेत्रीय,प्रदेश स्थानीय तह क्षमताविकास,प्रधानमन्त्री रोजगार,गरीव संग विश्वेश्वर र शिक्षा नि. लगायत ) | **१५५२२८४८.६३** | | | |
| | **जम्मा** | **४४,८८,६५,४४६/४९** | | **जम्मा** | **४४,८८,६५,४४६/४९** |

| दफा नं. | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम . |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । त्यसैगरी अख्तियारी प्राप्त भएको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्वन्धित महाशाखा वा शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने उल्लेख छ । यो वर्ष गाउँपालिकाको सभाले २०७५।०३।१२ मा बजेट स्वीकृत गरेकोमा गाउँ प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई रु.३९करोड ८४ लाख ९४ हजारको वार्षिक वजेट, योजना तथा कार्यक्रमको अख्तियारीप्रदान गरेको देखिन्छ । | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र पारित गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यो वर्षको वजेट २०७५।३।११ मा पेश गरी १२ गते वजेट स्वीकृत गरेको छ । | |
| ३. | **आर्थिक विवरण भिडान** : आषाढ मसान्तमा मौजदात रहेको रकम मध्ये रु १,०७,८६,१७३।५३ स्थानीय संचित खातामा दाखिला गरी मौज्दात शुल्य गराउनु पर्नेमा सो वमोजिम नगरी मुल खातामा ट्रान्सफर गरी तत्पश्चात भाद्र महिनामा खर्च गरेको देखियो । यसरी स्थानीय संचितकोष दाखिला नगरी मुलखातामा ट्रान्सफर गरी खर्च गर्नु नियम सम्मत देखिएन । तसर्थ सो सम्वन्धमा यस गाउँपालिकाको ध्यानाकर्षण जरुरी देखियो । कार्यालयले तयार गरी प्रमाणित वित्तीय विवरणको कार्यालयको सम्पूर्ण कारोबारको यथार्थ चित्रण गर्नुपर्ने हुन्छ । तर आर्थिक विवरणको आम्दानी, खर्च र मौज्दात भिडान नभएको,विषय गत शिर्षक वाईज आर्थिक विवरण तयार नगरेको , शिर्षक वाईज चालुखर्च र पूँजिगत खर्च समेत यकिन हुने गरी वित्तीय विवरण तयार गेको नदेखिँदा कार्यालयको वित्तीय विवरणले यथार्थता चित्रण गरेको सम्बन्धमा विश्वस्त हुन सकिएन । | |
| ४. | **आय व्ययको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७२(२) मा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, गरिवसँग विश्वेश्वर, वहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको वजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखांकन पालनास्थिति कमजोर रहेको , शसर्त तर्फ निकासा भएको रकमको चालु खर्च तथा पुंजिगत खर्च यकिन हुने गरी विवरण तयार नगरेको,शसर्त तर्फ विषय गत शिर्षकको वैंक नगदि किताव तथा खर्च श्रेष्ता अलगै राख्नु पर्नेमा नराखेकोले शिर्षकवाईज खर्च यकिन गर्न सकिएन । तसर्थ कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्वन गर्दै आय तथा व्ययको शीर्षकगत पालनामा विशेष ध्यान दिनु पर्दछ । | |
| ५. | **खर्च सम्वन्धी कार्यविधि :**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । खर्च भएका सवै विल भरपाईमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष गरेका कतिपय खर्चको विलभरपाई र कागजातहरु प्रमाणित नगरेको, सिलसिलेवार नराखेको, खर्चको पुष्ट्याई नदेखिएको, तेरिज नमिलाएकोले सवै भुक्तानीमा संलग्न विल भरपाई तथा कागजातहरु यथार्थ भएनभएको सम्वन्धमा आश्वस्त हुन सकिएन । | |
| ६. | **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्चको | |

| | | |
|---|---|---|
| | संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन । खासगरी स्रोत छर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लाभलागत विश्लेषण गरी लागत प्रभावकारी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वियन गर्न कार्यालयले ध्यान दिनु पर्दछ । | |
| ७. | **वजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६(१) वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, वजेटको कूल सीमा, वजेटको क्षेत्रगत सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत वजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र वजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत गर्नुपर्ने साथै त्यसरी तयार भएको आगामी आर्थिक वर्षको वजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिका विषयगत शाखा तथा वडा समितिलाई उपलव्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको जनाएता पनिसो अनुरुप कार्य गरेको देखिएन । नियम तथा कार्यविधिको पालनामा सम्वन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, वजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । यो गाउँपालिकाले सो समिति गठन गरी आगामी वर्षको वजेट तथा कार्यक्रम तर्जुमा गरेतापनि आगामी अर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, कार्यक्रमवीच परिपूरकता कायम गरेको नपाइएकोले सो सम्बन्धमा उचित ध्यान दिनु जरुरी छ । | |
| ९. | **स्रोत नक्सांकन :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, रोजगारीको अवस्था कूल आन्तरिक उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकांक, लैङ्गिक सशक्तिकरण सूचकांक, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी बनाउन व्यवस्थित ढंगबाट सम्पूर्ण विवरण खुल्ने गरी त्यस्तो स्रोतको नक्सांकन वा प्रोफाइल तयार गरेको देखिएन । | |
| १०. | **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शूल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।कार्यालयले यो वर्ष उठ्नूपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ती विक्री, भूमि कर, घरजग्गा बहाल कर, व्यवसाय कर, कवाडी कर, सेवा शूल्क तथादस्तुरको वडागत लगत तयार नगरेकोले बक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तिको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ । | |
| ११. | **स्थानीय कानून निर्माण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन वनाउन सक्ने उल्लेख छ ।गाउँपालिकाले यो वर्ष सालवसाली ऐन १वटाकार्यान्वयनमा ल्याएको देखिन्छ । ऐन कार्यान्वयनमा सघाउपुऱ्याउन १ वटा कार्यविधि निमाण गरेको छ । गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र रहेर स्थानीय आवश्यकता र कार्यान्वयन क्षमताका आधारमा आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका वनाई तिनीहरुको प्रभावकारी कार्यान्वयनमा तर्फ जोड दिनु पर्दछ । | |
| १२. | **खरिद योजना तथा इकाई :**सार्वजनिक खरिद ऐन, २०८३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढि रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र बार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष बार्षिक खरिद योजना तयार गरेको नदेखिएकोले बर्षभरी कुन कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कति | |

| | | |
|---|---|---|
| | सामान कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद प्रकृया विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्षहरु सहितको कुनै योजनानहुँदाआवश्यकता बमोजिम खरीद गर्दै गएको एवं सार्वजनिक खरीद ऐन र नियमावलीको विपरित तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा विधी विपरित हुन गएको, खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी खरिद इकाई गठन गरेको देखिएन । खरिद इकाई गठन नहुँदा खरिद कार्यको कमिकमजोरीहटाई मालसामान, निर्माण कार्य, परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सोसम्वन्धी जिम्मेवारी बहन गराउन कठिन हुन्छ । तसर्थ व्यवस्थित खरिद कार्यको लागि खरिद इकाई गठन गर्न कार्यालयले ध्यान दिनु पर्दछ । | |
| १३. | **प्राविधिक विल सम्वन्धमा :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का विलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्यांकनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । यसरी काम गर्ने क्रममा लागत अनुमान भन्दा वास्तविक काममा केहि न केहि मात्रामा कम अथवा बढि हुने नै गर्दछ । तसर्थ लागत अनुमान वरावर नै मूल्यांकन भएको देखिएकोले वास्तविक काम कति भएको हो भन्ने सम्वन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्यसम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न गर्नुपर्ने मिति र कार्यसम्पन्न भएको मिति उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधकले उपभोक्ता समितिको विल वनाउँदा नापजाँच गरी वास्तविक कार्यसम्पादनका आधारमा बनाउनु पर्दछ । | |
| १४. | **विल वा विजकको भुक्तानी सम्बन्धमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा विल वा विजकको भुक्तानीमा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदातालाई पच्चीस हजार रुपैयाभन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्ट पेयी चेकको माध्यमवाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कतिपय कार्यक्रम्मा कार्यालयले विभिन्न आपूर्तिकर्तालाई रकम भुक्तानी गर्दा कर्मचारीले पेश्कि लिई नगद भुक्तानी गरेको देखिन्छ । नियमको पलानामा कार्यालयको ध्यान जानु पर्दछ । | |
| १५. | **सञ्चित कोषको चौमासिक विवरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा नगरपालिकाले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन । तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ । | |
| १६. | **लक्ष्य प्रगतिको स्थिति :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष सञ्चालन गरेका विषय क्षेत्रगत कार्यक्रमको भार भारित सहितको प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले आ.व.०७५/७६ को समग्र प्रगति प्रतिवेदन तयार गरेको भए पनि कार्यालयले विषय क्षेत्रगत आधारमा शिक्षा, स्वास्थ्य, कृषि, पशु, वन तथा वातावरण, महिला तथा वालवालिका, पूर्वाधार विकास आदिको कार्यान्वय स्थिति देखिने वार्षिक प्रगति प्रतिवेदन तयार गरी त्यसको वार्षिक प्रगति स्थितिको समिक्षा हुनुपर्दछ । | |
| १७. | **निरीक्षण तथा परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष खरिद गरेका ल्यापटप, कम्प्युटर, प्रिन्टर, मोवाइल जस्ता मालसामान तथा सवारी साधनको निरीक्षण तथा परीक्षण गरेको पाइएन । स्पेशिफिकेसन बमोजिम समान प्राप्त गर्न सामानको निरीक्षण तथा परीक्षण गराउनु पर्छ । | |
| १८. | **जिन्सी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६,४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तीमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नु पर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनु पर्ने व्यवस्था छ । यसै गरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि | |

| | | |
|---|---|---|
| | अधिकार प्राप्त अधिकारीले लिलाम गर्नु पर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नु पर्ने भए सोको लागि बजेट व्यवस्था गरी तीन महिना भित्र गरी सक्नु पर्ने व्यवस्था छ । कार्यालयको आ.व. २०७५।७६ को जिन्सी निरीक्षण प्रतिवेदन लेखापरीक्षण  अवधि सम्म पनि पेश हुन नआएकोले सो सम्वन्धमा थप विश्लेषण गर्न सकिएन । | |
| १९. | **आन्तरिक आम्दानी दाखिला :** कार्यालयले नगदी रसिद काटी दैनिक रुपमा प्राप्त गर्ने आन्तरिक आम्दानी ढिलोमा पनि ७ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष वडा तथा कार्यालयबाट नगदी रसिद काटी गरेको आम्दानी दैनिक रुपमा दाखिला नगरी र ठेली सकिएपछिमात्र दाखिला गरेको देखियो । कार्यालयले नियमको पालना गरी आन्तरिक आम्दानीको रकम दैनिकरुपमा दाखिला गर्नु पर्छ । | |
| २०. | **सेवा प्रवाह स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा  गाउँपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । कार्यालयले  गाउँपालिकाका वडा तथा कार्यालयबाट सिफारिस तथा पंन्जिकरण सम्वन्धी कार्यहरुको अभिलेख राखेको देखिएन । सम्पादित सेवा प्रवाहको तथ्यांक तथा सोको व्यवस्थित अभिलेख राखी त्यसको प्रभावकारिताको सम्वन्धमा अनुगमन तथा मूल्यांकन गरेको देखिएन । स्थानीय सेवा प्रवाहको सम्वन्धमा व गाउँपालिकालाई जिम्मेवार तथा जवाफदेही बनाउनु पर्दछ । | |
| २१. | **घरजग्गाको लगत :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५४(१) मा प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घर जग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्दछ । त्यस्तो घर जग्गा आफ्नो नाऊँमा वा जिल्ला प्रशासन कार्यालय वा अन्य कुनै कार्यालयको  नाऊँमा मालपोत कार्यालयमा दर्ता भई जग्गाधनी प्रमाण पूर्जा प्राप्त भएको छ वा छैन बुझ्नु पर्नेछ र त्यसरी बुझ्दा दर्ता र जग्गाधनी प्रमाण पूर्जा तयार नभए कानून बमोजिम कार्यालयको नाऊँमा दर्ता गराउनु पर्ने व्यवस्था छ । कार्यालयले सो सम्वन्धि विवरण समेत उपलव्ध नगराएकोले विष्लेषण गर्न सकिएन ।कार्यालयले गाउँपालिकाको नाऊँमा रहेको तथा प्राप्त सवै जग्गाको जग्गाधनी पूर्जा बनाउनु पर्दछ भने गाउँपालिकाको संरक्षक रहेका नेपाल सरकारको जग्गाको व्यवस्थित अभिलेख राखी व्यक्तिको नाममा नामसारी तथा अतिक्रमण हुनु नदिने तर्फ गाउँपालिका जिम्मेवार हुनु पर्दछ । | |
| २२. | **चौमासिक खर्च :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यको लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले चौमासिक खर्च विवरण समेत उपलव्ध नगराएको र श्रेस्ता परीक्षणको क्रममा पूंजिगत खर्च तर्फ अधिकांश वजेट तेश्रो चौमासिक खास गरी आषाढ महिनामा खर्च गरेको देखिन्छ । यसरी वर्षन्तमा हतार हतारमा खर्च गर्ने आषाढ मसान्तमा चेक काटी आगामी वर्षको भाद्र अन्त सम्म चेक साटेको देखाउनु निउम सम्मत देखिएन । | |
| २३. | **आन्तरिक आय र प्रशासनिक खर्चको अनुपात :**कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष गाउँपालिकाको कूल आन्तरिक आय रु.४४,०१८६७८३ देखिन्छ भने प्रशासनिक(चालु)खर्च रु.२६,३३,१५,९८३/८४ रहेको छ । यसरी आन्तरिक आय र प्रशाासनिक (चालु) खर्चवीचको अनुपात १:६४ अर्थात प्रशाशनिक खर्च आन्तरिक आयको तुलनामा६४ गुना वढी रहेको छ । साथै गाउँपालिकाको यो वर्षको कुल जम्मा खर्च रु ४३,६५,८९,०४२।७३ रहेकोले उक्त खर्च र आन्तरिक आयको अनुपात १ : ९९रहेको छ । नेपालको संविधान २०७२ ले स्थानीय निकायलाई आर्थिक रुपले समेत पूर्ण आत्मनिर्भर हुने अभिप्रायवाट आर्थिक अधिकार समेत उपलव्ध गराइ स्थानीय सरकारको रुपमा स्वायत्ता प्रदान गरेको छ । सोही वमोजिम गाउँपालिकाले संविधान तथा कानून अनुसार हस्तान्तरण भएको कार्यजिम्मेवारी र जवाफदेहितालाई कुशलता पूर्वक निर्वाह गर्न आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनु पर्दछ । यसको लागि कानून बमोजिम अधिकार प्राप्त क्षेत्र र विषयका करको आधारको खोजी गर्दै सेवाको आधुनिकीकरण तथा नयाँ सेवाको विस्तारबाट सेवा शूल्क आर्जनमा विशेष जोड दिनुपर्दछ । | |
| २४. | **सशर्त अनुदान फिर्ता :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४, २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशुपंक्षी मन्त्रालय लगायतबाट प्राप्त भई आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष ति शिर्षक तर्फ विनियोजित वजेटको शिर्षक गत आम्दानी खर्चको हिसाव राखी वर्षन्तमा खर्च नभई वचत रकम संघीय संचित कोष खातामा पठाउनु पर्नेमा यस गाउँपालिकाले शशर्त अनुदान तर्फको निकासा रकम समेत | |

<table>
<tr><td></td><td>वित्तीय समानिकरणको खर्च शिर्षकमा समावेश गरी खर्च लेख्ने गरेको सोको वैंक नगदि किताव समेत एकमुष्ट तयार गरेको देखिएकोले संचितकोष फिर्ता हुने वचत रकमको यर्थातता यकिन गर्न सकिएन। तसर्थ कार्यालयले शिर्षक वाईज आम्दानी खर्च र सोको वैंकनगदिकिताव अलग अलग राखि वर्षान्तमाउक्त शिर्षकमा खर्च नभई वचत रकम यकिन गरी संघीय संचित कोष दाखिला गर्नु गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>सम्पत्ति लेखांकन : नगरपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । विगताका सरकारी कार्यालय साविक गाउँपालिकामा समायोजन भै आएका भौतिक सम्पत्तिहरु गाउँपालिकाको एकिकृत जिन्सी खातामा अभिलेख राखेको छैन जसले गर्दा गाउँपालिकाको यथार्थ सम्पत्तीको अवश्था मुल्याङ्कन गर्न सकिएन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>२६.</td><td>इन्धन तथा मर्मत : नगरपालिकामा रहेका सवारीसाधनहरु (गाडि मोटर साइकल आदि) मा विभिन्न समयमा प्रयोग भएको इन्धन खर्चको लग बुक राखेको पाइएन । इन्धन खर्चको मापदण्ड नबनाई खर्च लेख्दा इन्धनको प्रयोगमा दुरुपयोग बढ्ने संभावना रहने हुँदा मापदण्ड बनाइ खर्च गरीनु पर्दछ । सवारीसाधनहरु मर्मत गरी मर्मत खर्च लेखेकोमा मर्मत अभिलेख समेत राखेको पाइएन । इन्धन तथा मर्मत खर्च लेख्दा नियमानुसार अभिलेख राखेर खर्च लेख्नु पर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>उपभोक्ता समिति : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गाउँपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । लागत सहभागिता अंश १५ प्रतिशत मात्र राखी सम्झौता गरेको छ । लागत सहभागिता अंश थोरै राखीदा योजनामा उपभोक्ताको अपनत्व कम देखिंदा गाउँपालिकाको लागत वढी पर्न गएको देखिन्छ । यस तर्फ ध्यान दिनु पर्ने देखिन्छ । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>२८.</td><td>वित्तीय सामानीकरण पुँजिगत तर्फ :<br>विज्ञापनमा छुट :यसकार्यलयवाट विभन्न मिडिया सेन्टर मार्फत सूचना प्रकाशन तथा विज्ञापन गराए वापत देहायका मिडियाहरु लाई यो वर्ष निम्नानुसार रु४,८०,४००/-भूक्तानी दिएको देखियो । सरकारी कार्यालयको हकमा सूचना प्रकाशन गराउंदा गोरखापत्र मार्फत सूचना प्रकाशन गर्दा संस्थानको प्रचलित दरमा २५ प्रतिशत र अन्य कान्तिपुर, नागरिक, अन्नपूणं पोष्ट, हिमालय टाइम्स, आर्थिक कारोवार जस्ता राष्ट्रिय दैनिक प्रकाशनहरुले १५ प्रतिशत संस्थागत छुट दिने गरेकोमा यस अस्पतालवाट गोरखापत्रमा प्रकाशन नगराई अन्य मिडिया मार्फत सूचना प्रकाशन गराएको र ति मिडिया हरु वाट सो वमोजिमको संस्थागत छुट प्राप्त नगरेको हुंदा न्यूनतम पनि १५ प्रतिशतले हुने रु ले निम्नानुसार राज्यलाई थप व्ययभार परेको रकम असुल हुनु पर्ने देखिएको रु
<table>
<tr><th>गो.भौ.र मिति</th><th>मिडियाको नाम</th><th>दर प्रति सि.सी.</th><th>भूक्तानी रकम ( मु.अ.कर वाहेक)</th><th>प्राप्त हुनु पर्ने १५ प्रतिशत रकम</th></tr>
<tr><td>११/०७५/८/१४</td><td>सिगोस मिडिया</td><td>१४००</td><td>५०४००</td><td>७५६०.००</td></tr>
<tr><td>२४/०७५/९/१</td><td>भाईप्रेशन मिडिया प्रा.लि.</td><td></td><td>२२६०००</td><td>३३९००</td></tr>
<tr><td>५४४/०७६/२/३०</td><td>मर्निङ वेल दैनिक</td><td></td><td>६८०००</td><td>१०२००</td></tr>
<tr><td>४९१/</td><td>अनुमोदन विज्ञापन सेवा</td><td></td><td>१३६०००</td><td>२०४००</td></tr>
<tr><td>१०१/०७६/१/३१</td><td>सेन्टर एडभरटाईज डिष्टिव्यूटर्स</td><td></td><td>१६५८००</td><td>१६५८०</td></tr>
<tr><td></td><td></td><td></td><td>६४६२००</td><td>८८६४०</td></tr>
</table></td><td>८८,६४०/-</td></tr>
<tr><td>२९.</td><td>लिममौभेरा कुसेना सडक : उपभोक्ता समिति मार्फत यो सडकमा यस वर्ष चेनेज नं. १+६९९</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | देखि२+२२६ सम्म ५२६.५ रिनङ मिटर को काम भएको मापन गरी भुक्तानी भएकोमा निम्नानुसार भएको देखियो ।<br>(क) उपरोक्त वमोजिमको चेनेजमा Ordinary Soil जम्मा ६० घ.मी. मात्र मापन भएको वांकीMedium र Hard Rock को कामभएको नापि कितावको Measurement Sheet वाट देखिएकोमा Ordinary Soilको ११२० घ.मी. को प्रति घ.मी.६१.७६ को दरले भुक्तानी भएको देखिएकोले १०६० घ.मी.को वढी भुक्तानी हुन गएको रु ६५,४६५।६० माजन श्रमदानको अंश १५ प्रतिशतले हुने रु ९,८१९।८५कट्टा गरी बाँकी रु ५५,६४५।७६ सम्वन्धित उपभोक्ता समिति वाट असुल हुनु पर्ने रु | ५५,६४५।७६ |
| | (ख) उपरोक्त वमोजिम यो वर्ष चेनेज नं. १+ ६९९ देखि मापन भएकोमा यसै सडकको गत वर्ष सम्म चेनेज नं. १+८५४ सम्मको मापन भई भुक्तानी भई सकेको अवस्थामा यो वर्ष पुन १+६९९ वाट नापी गरेको देखाई भुक्तानी भएको देखिएकोले १५५ रनिङ मिटरको दोहोरो भुक्तानी भएको देखियो । उक्त दोहोरो परेको रनिङ मिटरमा यो वर्ष Medium र Hard Rock 50/50 प्रतिशतको मापन भएको आधारमा जम्मा ३८२३.७ घ.मी. को प्रति घ.मी. रु २६६.९७ को दरले हुने रु १०,२०,८१३।–दोहोरो मापन भएकोमा जनश्रमदानको १५ प्रतिशत कट्टा गरी वाँकी ८५ प्रतिशतले हुने रु ८,६७,६९२।–वढी भुक्तानी भएको देखियो । यसरी दोहोरो मापन भएको सम्वन्धमा गाउँपालिका वाट प्राविधिक समिति गठन गरी सो समिति मार्फत विस्तृत नाँपजाँच गराई प्रतिवेदनको आधारमा सोको यर्थातता यकिन गर्नु पर्ने देखिएको रु | ८,६७,६९२।– |
| **३०.** | **अनुपातिक कट्टी :**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । साथै सो नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभ ग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई जन श्रमदानको अंश कनटिजेन्सी वापतको रकम कटाई वाँकी रकम नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण कामको भुक्तानी दिंदा सोको उपभोक्ता समितिलाई संझौता अनुसार रु ७२,३८,९५२/-मात्र भुक्तानी दिनु पर्नेमा रु ७३,४४,८६९/-भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी दिएको रु १,०५,९१७/-असुल हुनु पर्ने रु | १,०५,९१७/- |

| गो.भौ.नं. र मिति | योजनाको नाम | लागत अनुमान | कामको मुल्यांकन | उपभोक्ता को अंश | भुक्तानी रकम | भुक्तानी हुनु पर्ने | वढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|---|
| १९६/०७५/ ११/१३ | पाडपाखा बर्थिङ सेन्टर | ३७४३९३ | ३३३३९४ | १५.३ | २८५००० | २७०५३९ | १४४६१ |
| ३४३/०७५/ १२/५ | कालिका वाल ज्योती प्रा.लि. | ४४८६६२ | ४३२७०५ | १५ | ३६६५०१ | ३४९४०९ | १७०९२ |
| ३०७/०७५/ १२/२२ | दैगाडतोल्यान सडक | ६५३६९० | ६२५०६३ | १८.८ | ५२२००० | ५०७५५१ | १४४४९ |
| ३१९/०७५/१ २/२२ | बसैल खा.पा. | ४१८०१० | ४०१३९९ | १५ | ३३२५०० | ३२६३१४ | ६१८६ |
| ५३५/०७६/ २/२८ | सुल्टी खा.पा. | १६८६३३ | १६८६३३ | २० | १४२५०० | १३४७८८ | ७७१२ |
| ३२६/०७६/३ /१६ | रुपैल सि.पो. | ३४६१५३ | ३१६३५९ | १५ | २८५००० | २६८९०५ | १६०९५ |
| | वित्थड खुलमोर नाडा सडक | ६५१८९८६ | ६३६६३१५ | १५.४८ | ५४११३६८ | ५३८१४४६ | २९९२२ |
| | जम्मा : | | | | **७३,४४,८६९/-** | **७२,३८,९५२/-** | **१,०५,९१७/-** |

| | | |
|---|---|---|
| **३१.** | **प्रतिवेदन प्रकाशन :**यस गाउँपालिकाले यो वर्ष १३० प्रति प्रगति प्रतिवेदन प्रकाशन गरेको भनी कैलाश मिडियालाई रु ३,५०,०००।भुक्तानी दिएको देखियो ।सो प्रतिवेदनको प्रति थान रु | |

<table>
<tr><td></td><td>२,६९२।६४को दरले भुक्तानी दिएको देखियो । निज मिडिया संग सोझै वार्तावाट कार्यादेश दिएको र प्रकाशित प्रतिवेदनको मुल्य अस्वभाविक देखिएकोले उक्त खर्चको यर्थाथता यकिन हुन सकेन । तसर्थ उक्त खर्चको वास्तविकता यकिन गरी वढी भुक्तानी भएको असुल हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३२.</td><td>पाईप जडानमा वढी भुक्तानी : विभिन्न खा.पा. योजनाहरुमा पाईप लाईनिङको कामको दर विश्लेषण अनुसार पाईप पुर्ने कार्यको लागि प्रति घ.मी. रु १५४.५को दरले भुक्तानी दिनु पर्नेमा ३०९ का दरले भुक्तानी दिएको देखएकोले निम्नानुसार वढी भुक्तानी दिएको रकम असुल हुनु पर्ने रु
<table>
<tr><th>गो.भौ. नं. र मिति</th><th>योजनाको नाम</th><th>कामको परीमाण घ.मी.</th><th>वढी भएको दर रकम</th><th>वढी भुक्तानी भएको रकम</th></tr>
<tr><td>२५५/०७५/१२/१०</td><td>भमखोला स्याडी खा.पा.</td><td>१३५</td><td>१५४.५</td><td>२०,८५७/-</td></tr>
</table></td><td>२०,८५७/-</td></tr>
<tr><td>३३.</td><td>प्लास्टिक टनेल खरिद : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ वमोजिम रु २० लाख भन्दा वढीको खरिद कार्य गराउँदा शिलवन्दी वोलपत्रको माध्यमवाट खरिद कार्य गराउनु पर्ने व्यवस्था रहेको छ । र सोको सुचना राष्ट्रिय स्तरको पत्रिकामा ३० दिनको सुचना प्रकाशन गरी सोही वमोजिम प्रतिष्पर्धा गराई खरिद कार्य गराउनु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले वडा नं. ९ मा सिम्पालिन प्लाष्टिक टनेल निर्माणको लागि रु २०,००,०००।–विनियोजन गरेको उक्त वजेट वाट रु १९,९९,०७४।–को लागत अनुमान तयार गरी रु २० लाख भन्दा घटी वनाई शिल वन्दी दरभाउपत्रको लागि १५ दिने सूचना प्रकाशन गरी सोही वमोजिम दर्ता हुन आएका विभिन्न ४ दरभाउपत्र मध्ये वाट खरिद कार्य गराएको देखियो । सो सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्न छन्<br>(क)सार्वजनिक खरिद ऐन २०६३ को दफा २६(६) अनुसार बोलपत्र आह्वान गर्दा वोलपत्र दाताहरु वीच आपसमा मिलोमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता वोलपत्रहरु रद्द गर्न सक्ने व्यवस्था गरेको छ ।उपरोक्त वमोजिमको शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद कार्य गराउँदा प्रकाशित सूचना अनुसार दर्ता भएका वोल पत्रदाताहरुकोदर्ताको प्रकृति विश्लेषण गर्दा ४ वटा दर्ता हुनु एक ले कुनै रकमनै उल्लेख नगरी पेश गर्नु ,२ वटाले लागत अनुमान भन्दा वढी कवोलगर्नु र अर्कोएक जना पाण्डेरुटोर्सले लागत अनुमान वरावर अर्थात रु १९९८७४४।–कवोल गरेको देखिंदा ति निर्माण व्यवसायीहरु विच एक आपसमा सहमति नभई स्वतन्त्र प्रतिष्पर्धा भई कम भन्दा कम मूल्यमा ठेक्का लागेको अवस्था देखिएन ।<br>(ख)उपरोक्त वमोजिमको टनेल निर्माणको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ वमोजिमको आवस्यक प्रकृया अवलम्वन नगरी केवल विनियोजित वजेट लाई आधार लिएको देखिएकोले उक्त टनेलको लागत अनुमानको यर्थाथता यकिन हुन सकेन ।</td><td></td></tr>
<tr><td>३४.</td><td>पिलरको अंश नकटाएको :सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२(२)वमोजिम निर्माण कामको भुक्तानी दिंदा संझौता अनुसारको कार्यको यर्थाथता नाँपजाँच पछि मात्र भुक्तानी दिन सकिने व्यवस्था गरेको छ । महेश्वरी मा.वि भवन निर्माणको प्रथम रनिङ विलको भुक्तानी दिंदा सोको मापन गर्दा Earth Work २४८।०६ घ.मी.मा पिलरको २०।७४ घ.मी. घटाई २२७।३२ घ.मी.को भुक्तानी दिनु पर्नेमा २४३ घ.मी.को भुक्तानी दिएकोले प्रति घ.मी.रु ४९४.७४ ले १५.६८ घ.मी.को वढी भुक्तानी भएको देखिएकोले असुल हुनु पर्ने उपमोक्ताको अंश पछिको रु</td><td>६,५८९।–</td></tr>
<tr><td>३५.</td><td>सैन मन्दिर निर्माण : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२(२)वमोजिम निर्माण कामको भुक्तानी दिंदा संझौता अनुसारको कार्यको यर्थाथता नाँपजाँच पछि मात्र भुक्तानी दिन सकिने व्यवस्था गरेको छ ।यस मन्दिर निर्माणको कम्मा भएको कामको मापन हुंदा Earth Work११९.४९ घ.मी.मा पिलरको ११.७९ घ.मी. घटाई १०७.७ घ.मी.को भुक्तानी दिनु पर्नेमा सो नघटाई ११९.४९ घ.मी .को भुक्तानी दिएकोले प्रति घ.मी.रु ९८२.६२ ले ११.७९ घ.मी.को वढी भुक्तानी भएको देखिएकोले असुल हुनु पर्ने रु ११,५८५।मा उपमोक्ताको अंश १५ प्रतिशतले हुने रकम कटाई वाँकी रु ९,८४८। असुल हुनु पर्ने रु</td><td>९,८४८।–</td></tr>
</table>

३६.

**मुल्य अभिवृद्धि कर दाखिला नगरेको :** मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को दफा ६(ग) अनुसार ठेक्का वा करार अर्न्तगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्दिकर भुक्तानी गर्दा सो कर रकमको ५० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयमं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ । उक्त व्यवस्था लागु भएको मिति २०७६।०२।१६ देखि कार्यान्वयन गर्ने गराउने व्यवस्थाको लागि आन्तरिक राजस्व विभागवाट परीपत्र समेत भएको देखिन्छ । कार्यालयले उक्त व्यवस्था वमोजिम ५० प्रतिशत मु.अ.कर रकम स्वयम कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी शतप्रतिशत भुक्तानी दिएको देखिएकोले २०७६।०२।१६ पछिको सवै भुक्तानीको ५० प्रतिशत मु.अ.कर रकम यकिन गरी असुल एवं दाखिला गर्नु पर्दछ ।कार्यालले उपलव्ध गराएको तथा लेखापरीक्षणवाट यकिन गरीएको निम्नानुसारको मु.अ.कर रकम असुल गरी वेरुजु वापतको राजस्व दाखिला गर्नु पर्ने देखिएको रु. १८,८८,१८८/-

| भौ.नं.र मिति | आपूर्ति कर्ताको नाम | स्थायी लेखा नं. | बिलको मिति | कुल भुक्तानी रकम | मु.अ.कर रकम | दाखिला हुनु पर्ने रकम |
|---|---|---|---|---|---|---|
| ५१७/०७६/२/२७ | स्मिो टिच ई कन्सल्टेन्सी | १९०२१८५ | ०७६/२/२१ | १९०२१८५ | ५८९६७७ | २९४८३८ |
| ५४७/०७६/३/१ | उग्रतारा ट्रेड हाउस | ३००५१२९६८ | ०७६/२/२१ | ३४५८२९ | ३९७८५ | १९८९२ |
| ७०५/०७६/३/२५ | सामाजिक तथा प्राविधिक सेवा समुह | ३०१६९१९०७ | ०७६/३/२२ | १७४१४१९ | २००३४० | १००१७० |
| ७२३/०७६/३/२५ | सोलर होम | ३०५०१६८८३ | ०७६/३/२० | ३७५००० | ४३१४२ | २१५७१ |
| ७२५/०७६/३/२५ | तेज एण्ड सन्स ईनर्जी प्रन.लि. | ६०२४६४५४३ | ०७६/३/२४ | ४८७५०० | ५६०८४ | २८०४२ |
| ७५१/०७६/३/२५ | एसियन मेटल पावर उद्योग | ३०४१८१०८५ | ०७६/३/२४ | २४९९९९९ | २८७६१० | १४३८०५ |
| ५५०/०७६/३/१ | सुर्मादेवि सप्लायर्स | ३००७९२६९८ | ०७६/२/२० | ४३७२४० | ५०३०२ | २५१५१ |
| ५८८/०७६/३/९ | फष्ट लिंक प्रा.लि. | ६०२४२८९२९ | ०७६/२/२८ | ४०२५६० | ४६३१२ | २३१५६ |
| ५८८/०७६/३/९ | ईन्टेल कम्यूटर | ३०४३४१५६८ | ०७६/३/११ | ६६७०० | ७६७४ | ३८३७ |
| ६३२/०७६/३/१७ | सुर्मास्टेशनरी एण्ड सप्लायर्स | ६०१७०९६६५ | ०७६/३/१२ | ४९४६०१ | ५६९०० | २८४५० |
| ६५५/०७६/३/२३ | वि.पी. सप्लायर्स | ६०५७११८७ | ०७६/२/३० | २१६५७७ | २४९१६ | १२४५८ |
| लिमभोमेरा कृषि सडक | अनेक नारायण कन्स्टक्सन | | ०७६/२/३० | ३४४२७१० | ३९६०६४ | १९८०३२ |
| वित्थड खुलमीर सडक | सुर्मा सुरविर नरेन्द्र नि.जे.भी. | | ०७६/२/३० | ३४३८३४६ | २९५५६२ | १४७८३१ |
| सुनकुडा डुम्रीकोट ग्रा.सडक | न्यूकालिका कन्स्टक्सन | | ०७६/२/३० | ३१६८१२० | ३६४४७४ | १८२२३७ |
| देयलेख मडपाडपाखा सडक | खिरताडि कालिका कन्स्टक्सन | | ०७६/२/३० | ३४४०२०६ | ३९५७७६ | १९७८८८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मेल्टिग ५ रचौडी सि.यो. | नवदुर्गाकन्स्टक्सन एण्ड सप्लायर्स | | ०७६/२/३० | २०८४६२४ | २३९८२४ | ११९९१२ |
| सुनकुडा धारी डोवर | मुमीराज कन्स्टक्सन | | ०७६/२/३० | ३६४१५७२ | ४१८९४२ | २०९४७१ |
| ७८०/०७६/३/२५ | कालिका हार्डवेयर | ६०५७८३५२८ | ०७६/३/४ | ७७५८८ | ८९२६ | ४४६३ |
| ७८१/०७६/३/३० | विजय हार्डवेयर | ६०९३२८१३ | ०७६/३/२७ | १४९९९९ | १७२५६ | ८६२८ |
| ७८४/०७६/३/३० | विजय हार्डवेयर | ६०९३२८१३ | ०७६/३/४ | २४९९९ | २८७६ | १४३८ |
| ७८६/०७६/३/३० | वन्दना हार्डवेयर | ६०९३२२८१३ | ०७६/३/४ | २६५८७७ | ३०५८८ | १५२९४ |
| ७८१/०७६/३/३० | कालिका कन्स्टक्सन | ६०८४९१२४२ | ०७६/३/१९ | २८४८५१ | ३२७७० | १६३८५ |
| ७२६/०७६/३/२५ | सोलर होम प्रा.लि. | ३०५०१६८८३ | ०७६/३/२० | ३००००० | ३४५१४ | १७२५७ |
| ७१२/०७६/३/२५ | सुर्मादिवि सप्लायर्स | ३००७९२६८९ | ०७६/२/२४ | ३३६१६७ | ३८६७४ | १९३३७ |
| ७१७/०७६/३/२५ | सुर्मादिवि सप्लायर्स | ३००७९२६८९ | ०७६/२/२५ | ६९४९५ | ७९९४ | ३९९७ |
| ७१५/०७६/३/२५ | कालिका कन्स्टक्सन | ६०८४९१२४२ | ०७६/३/२४ | ८४१२८ | ९६७८ | ४८३९ |
| ७२९/०७६/३/२५ | दिपेश ईम्पोसिस | १०३०४१४८३ | ०७६/३/२० | ८१००० | ९३१८ | ३६५९ |
| ७२९/०७६/३/२५ | दिपेश ईम्पोसिस | १०३०४१४८३ | ०७६/३/१८ | १४५००० | १६६८० | ८३४० |
| ७५६/०७६/३/३० | कालिका कन्स्टक्सन | ६०८४९१२४२ | ०७६/२/२५ | ४३७२४ | ५०३० | २५१५ |
| ७५७/०७६/३/३० | विजय हार्डवेयर | ६०९३२८१३ | ०७६/३/१६ | ११०७४९ | १२७४२ | ६३७१ |
| ७६१/०७६/३/३० | न्यूसोलर उर्जा सप्लायर्स | ६०६२४९९८२ | ०७६/३/६ | १५९००० | १८२९२ | ९१४६ |
| ७६४/०७६/३/३० | न्यूसोलर उर्जा सप्लायर्स | ६०६२४९९८२ | ०७६/३/३ | ८५००० | ९७७८ | ४८८९ |
| ७६४/०७६/३/३० | न्यूसोलर उर्जा सप्लायर्स | ६०६२४९९८२ | ०७६/३/३ | ८५००० | ९७७८ | ४८८९ |
| | जम्मा : | | | ३०४८७७६५ | ३७७८२७८ | १८,८८,१८८/- |

३७. **सुधारीएको चुल्हो जडान नभएको :** यस गाउँपालिकाका विभिन्न वडाहरुका ५०० घरपरीवारमा तिन मुखे सुधारीएको चुल्हो जडान गर्ने कार्यक्रम राखि रु ५० लाखको लागत अनुमान स्वीकृत गरी सोको ठेक्का व्यवस्थाको लागि वोलपत्र माग गरे वमोजिम दर्ता भएका ३ थान वोल पत्र दाता मध्ये सवै अर्थात ५० प्रतिशत घटी कवोल गर्ने एसियन मेटल पावर उद्योग संग संझोता भए वमोजिम निज सप्लायर्सले २०७६।३।२९मा चुल्हो सप्लाई गरेको देखिन्छ । सो सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्न छन्।

(क) उपरोक्त वमोजिम को सामानको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसारको आवस्यक प्रकृया नअपनाई वजेटको आधारमा लागत अनुमान तयार गरेकोले उक्त लागत अनुमान यर्थातमा आधारित रहेको देखिएन । तसर्थ लागत अनुमान

<table>
<tr><td></td><td>तयार गर्दा नियमको पालना गर्नु पर्ने तर्फ ध्यान दिनु पर्दछ ।<br>(ख)यसरी खरिद भएको चुल्हो ०७६।३।२९ मा मात्र दाखिला भएको देखिएकोले तोकिए वमोजिम सवै र परिवारमा जडान गरी कार्य सम्पन्न भएको देखिएन ।तसर्थ खरिद भएको उक्त चुल्हो जडान गरी कार्य सम्पन्न भएको प्रमाण पेश हुनु पर्ने देखिएको रु</td><td>२४,९९,९९९/-</td></tr>
<tr><td>३८.</td><td>शिवभवानी ग्रामिण सडक : यो सडकको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको छ । सो निर्माण कार्यको भुक्तानी सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्नानुसार भएको पाईयो ।<br>(क)सडको ग्यावियन वर्कको भुक्तानी दिंदा  नापी किताबको Measurement Sheetको जोड जम्मा २०१.६ घन मिटर भएको देखिएकोमा  निम्नानुसार  २५२ घन मिटरको भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी भएको असुल हुनु पर्ने रु
<table>
<tr><td>कामको विवरण</td><td></td><td></td><td></td></tr>
<tr><td>Ordinary Rock</td><td>५०.४०</td><td>१२००</td><td>६०४८०</td></tr>
<tr><td>ordinary Soil</td><td>५०.५०</td><td>३००</td><td>१५१५०</td></tr>
<tr><td>Hard soil</td><td>१५१.२०</td><td>३६०</td><td>५४४३२</td></tr>
<tr><td></td><td></td><td></td><td>१,३०,०६२/-</td></tr>
</table></td><td>१,३०,०६२/-</td></tr>
<tr><td></td><td>(ख)  : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभ ग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई जन श्रमदानको अंश कनटिजेन्सी वापतको रकम कटाई वाँकी रकम नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त सडकको विगत वर्ष सम्म चेनेज ०+००० देखि१ +६९७ सम्म कटान गरेको देखिन्छ । यस वर्ष पुन चेनेज१+५९४ देखि २+९२८ सम्म कटान गरेको देखाई सोही वमोजिम मापन गरी १०३ रनिङ मिटर दोहोरो मापन गरेको देखिंदा निम्नानुसार वढी भुक्तानी हुन गएको देखियो । यसरी दोहोरो मापन भएको सम्वन्धमा गाउँपालिका वाट प्राविधिक समिति गठन गरी सो समिति मार्फत विस्तृत नाँपजाँच गराई प्रतिवेदनको आधारमा सोको यर्थातता यकिन गर्नु पर्ने देखिएको रु
<table>
<tr><td>कामको विवरण</td><td>कामको परीमाण</td><td>दर</td><td>वढी भुक्तानी भएको रकमक</td></tr>
<tr><td>Ordinary Soil</td><td>७२.५१</td><td>६१.७६</td><td>४४७८.२१</td></tr>
<tr><td>Bolder Mixed Soil</td><td>२४८.६५</td><td>८२.६९</td><td>२०५५०.८६</td></tr>
<tr><td>Ordinary Rock</td><td>४७.३</td><td>२८२.४२</td><td>१३३५८.४६</td></tr>
<tr><td>Medium Rock</td><td>७४.६६</td><td>२८२.४२</td><td>२१०८५.४८</td></tr>
<tr><td>Hard Rock</td><td>४९७.५७</td><td>१२२५.९२</td><td>६०९९८१.०१</td></tr>
<tr><td></td><td></td><td>जम्मा :</td><td>६६९४५४.०२</td></tr>
<tr><td></td><td></td><td>उपभोक्ताको अंश १५ प्रतिशत</td><td>(१००४१८.१)</td></tr>
<tr><td></td><td></td><td>जम्मा असुल हुनु पर्ने</td><td>५,६९,०३५/-</td></tr>
</table></td><td>५,६९,०३५/-</td></tr>
<tr><td></td><td>(ग)सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ वमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा लागत अनुमानम उल्लेखित परीमाण तथा दर उल्लेख गरी तयार गर्नु पर्नेमा सो वमोजिम लागत अनुमान नराखेकोले सोको यर्थाथता यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>३९.</td><td>देउलेख पाडपाखा ग्रामिण सडक :उपभोक्ता मार्फत भईरहेको यस सडकको भुक्तानी सम्वन्धमा</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>निम्नानुसार भएको पाईयो ।<br>(क) यस सडकमा सडक कार्यलयले पनि विगत वर्षहरुमा वाटो कटान गरेको देखिएको र गत वर्ष चेनेज ०+००० देखि ३+०२० सम्म कार्य गरेको र यस वर्ष २+९०० देखि ४+१४० सम्मको चनेजमा कटान गर्ने गरी लागत अनुमान तयार गरेकोले १२० रनिङ मिटरको रु ९५२२३।४५ लागत अनुमान दोहोरो परेको छ ।भने नापी गर्दा ४+१४० लाई अन्तिम विन्दु मानि पछाडिवाट चेनेज घटाउँदा जम्मा २३५० रनिङ मिटर मात्र हुन आउछ । जस्वाट चनेज १+७९० देखि ३+०२० चेनेजमा गत वर्षनै काम भएको स्पष्ट हुन्छ। तसर्थ यो वर्ष समेत काम गरेको देखाई दोहोरो नापी गरी निम्नानुसार वढी परीमाणको भुक्तानी गरेको देखियो । यसरी दोहोरो मापन भएको सम्वन्धमा गाउँपालिका वाट प्राविधिक समिति गठन गरी सो समिति मार्फत विस्तृत नाँपजाँच गराई प्रतिवेदनको आधारमा सोको यर्थातता यकिन गर्नु पर्ने देखिएको रु<br>
<table>
<tr><th>कामको विवरण</th><th>कामको परीमाण</th><th>दर</th><th>वढी भुक्तानी भएको रकमक</th></tr>
<tr><td>Earth Work Ordinary Soil</td><td>१४४६.२६</td><td>६१.७६</td><td>८९३२१</td></tr>
<tr><td>Bolder Mixed Soil</td><td>८८२५,६२</td><td>८२.६९</td><td>७२९७९०.५१</td></tr>
<tr><td>Ordinary Rock</td><td>२९४.९७</td><td>२८२.४२</td><td>८३३०५.४२</td></tr>
<tr><td>Medium Rock</td><td>३५३.९६</td><td>२८२.४२</td><td>९९९६५.३९</td></tr>
<tr><td>Hard Rock</td><td>३९८.५१</td><td>१२२५.९२</td><td>४८८५४१.३१</td></tr>
<tr><td></td><td></td><td>जम्मा :</td><td>१४९०९२३.६३</td></tr>
<tr><td></td><td></td><td>उपभोक्ताको अंश १५ प्रतिशत</td><td>(२२३६३८.६३)</td></tr>
<tr><td></td><td></td><td>जम्मा असुल हुनु पर्ने</td><td>१२,६७,२८५/-</td></tr>
</table></td><td>१२,६७,२८५/-</td></tr>
<tr><td></td><td>(ख) सडकको लागत अनुमान ७७९१४०९।९८ रहेकोमा कार्यलयले ६४,६०,०००।०० भुक्तानी दिने गरी संभौता गरेकोले सो कामको रु ७७,१२,१६५।१४ मुल्यांकन भएको हुंदा संभौता हुंदाको वखत को उपभोक्ताको जनश्रमदानको अंश मुल्यांकनको आधारमा अनुपातिक रुपमा घटाई भुक्तानी दिनु पर्नेमा सो वमोजिम मुल्यांकन घटेको आधारमा भुक्तानी दिनु पर्ने रकम नघटाएकोले वढी भुक्तानी हुन गएको रु ६५,८४३।८८ असुसल हुनु पर्ने रु</td><td>६५,८४३/८८</td></tr>
<tr><td>४०</td><td>कालिका आधारभुत विध्यालय भवन :यस भवन निर्माणको कार्य उपभोक्ता मार्फत गराएकोमा निम्नानुसार भएको पाईयो ।<br>(क) Ground 2 levelling को कार्य गर्दा लम्वाई १७ मीटर,चौडाई ६ मी.उचाई ७ मी.को मापनमा ७१४ घ.मी.परीमाण कटान गरेको देखिएकोमाDrawing पेश नभएकोले सोको यर्थाथता यकिन भएन ।साथै levelling को Slope को कटान गर्दा1/2(Half) मात्र देखाउनु पर्नेमा पुरै दिएकोले ३५७ घ.मी.को प्रति घ.मी.४९४.४० ले रु १,७६,५००। वढी भुक्तानी भएको देखियो ।सो सम्वन्धमा उक्त कटान कार्य मेसिनवाट गराएकोमा लागत अनुमान तयार गर्दा मानिस द्धारा कटान गर्ने गरी तयार गरेको नर्म्स अनुसारनै भुक्तानी गरेको हुंदा दर वढी भएको भनाई कार्यालयको रहेको छ ।यसरी मेसिन वाट कटान गरेको उक्त कार्यमा प्रति घ.मी. रु ८२.६९ दरले भुक्तानी दिनु पर्नेमा प्रति घ.मी.रु ४११।७१ले ७१४ घ.मी.को रु २,९३,९६०।९४ वढी मुल्यांकन भएको रकममा उपभोक्ताको अंश रु ४२,८७५। कट्टा गर्दा वाँकी रु २,५१,०८५।४३ वढी भुक्तानी भएको देखियो । यसरी वढी भुक्तानी भएको सम्वन्धमा गाउँपालिका वाट प्राविधिक समिति गठन गरी सो समिति मार्फत विस्तृत नाँपजाँच गराई प्रतिवेदनको आधारमा सोको यर्थातता यकिन गर्नु पर्ने देखिएको रु</td><td>२,५१,०८५/४३</td></tr>
<tr><td></td><td>(ख)सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभ ग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई जन श्रमदानको अंश</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | कनटिजेन्सी वापतको रकम कटाई वाँकी रकम नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । निम्नानुसारको कार्यमा वढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु | २,१३,५१८/५१ |

| कामको विवरण | कामको परीमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|
| Earth Work Excavation | 12.71m3 | 494.4 | 6283.8 | Foundation भित्र Stone solling को काम नभएको |
| Stone Solling | 11.31m3 | 8611.2 | 97392.67 | Foundation भित्र Stone solling को काम नभएको र Stone Solling ०.१५ दिनु पर्नेमा ०.५० उचाई दिएको |
| PCC(1:2:4) | 9.81m3 | 27157.45 | 266414.58 | ग्रिडको लम्वाई २९.७९ मि. दिनुपर्नेमा टाई बिम मा ४०.५५ र स्लाव बिम ५३.१५ देखाएको र टाईबिम ०.३x०.३ दिनु र्फ्नेमा Slab beam ०.२३x०.३ दिनु पर्नेमा वढी दिएको । |
| Stone Mesonary | 2.19m3 | 13690.33 | 29981.1 | Height २.१२ दिनुपर्नेमा २.३ उचाई दिएकोले वढी दिएको । |
| | | जम्मा : | ४०००७२.१५ | |
| | | उपभोक्ताको अंश ४६.६३ प्रतिशत | (१८६५५३.६४) | |
| | | जम्मा असुल हुनु पर्ने | २१३५१८/५१ | |

| | | |
|---|---|---|
| | **(ग)**उपरोक्त कार्यको लागत अनुमान रु २६७००४०।३० रहेकोमा कार्यलयले रु १४,२५,०००।–दिने गरी संझौता भएकोमा उक्त कार्यको रु १७,८६,८०३।४४मात्र मुल्यांकन भएकोमा उक्त रकममा संझौता वमोजिमको ४६.६३ प्रतिशत घटाई वाँकी रु ९,५३,६१६।९९ मात्र भुक्तानी दिनु पर्नेमा रु १४,२५,०००।- नै भुक्तानी भएको देखिएकोले सो सम्वन्धमाथप यकिन गरीनु पर्ने देखिएको रु | ४,७१,३८३/- |
| ४१. | **बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ।निम्नानुसारको विध्यालय भवनहरुको कार्य उपभोक्ता समिति मार्फत गराएकोमा निम्नानुसार वढी भुक्तानी भएको देखियो । सो सम्वन्धमा गाउँपालिका वाट प्राविधिक समिति गठन गरी सो समिति मार्फत विस्तृत नाँपजाँच गराई प्रतिवेदनको आधारमा सोको यर्थातता यकिन गर्नु पर्ने देखिएको रु | ५,५६,२६८/१९ |

(क) **केदार नि.मा.वि भवन –४**

| कामको विवरण | कामको परीमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|
| Bick Mesonary(1:6) | 0.45m3 | 21649.98 | 10608 | पिलरको Quantity नरहेको |
| PCC(1:2:4) | 0.75m3 | 21099.65 | 15824.73 | पिलरको Quantity |

| | | | | |
|---|---|---|---|---|
| | | | | नरहेको |
| | | जम्मा : | २६४३७.७३ | |
| | | उपभोक्ताको अंश २०.१२७ प्रतिशत | (५३१८.२६) | |
| | | असुल हुनु पर्ने | **२१११४.४६** | |

**(ख)महेश्वर नि.मा.वि.**

| कामको विवरण | कामको परीमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|
| Earth Work Excavation | 1.82m3 | 494.4 | 899.8 | पिलरको Quantity नरहेको |
| Stone Mesonary Motor Supper Strecture | 5.04m3 | 6346 | 31983.84 | उचाई २.४ दिनु पर्नेमा २.६ दिएको |
| P.c.c. For R.c.c. | 1.23m3 | 26242.51 | 32276.28 | |
| | | जम्मा : | ६५१६१.९० | |
| | | उपभोक्ताको अंश ३८.२६ प्रतिशत | २४९३०.९५ | |
| | | असुल हुनु पर्ने | **४०२३०.९७** | |

**(ग)मष्टा मा.वि.**

| कामको विवरण | कामको परीमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|
| Earth Work Excavation | 17.496m3 | 360 | 6298.56 | पिलरको Quantity नघटाएको |
| Footing | 8.25m3 | 6346 | | ड्रईङ भन्दा वढी परीमाण अस्वभाविक रुपमा देखाएको |
| Dpc Beam | 13.286 | 26242.51 | | बिमको साईज 0.3x0.3देखाउनुपर्नेमा 0.6x0.6 देखाएको र लम्वाई ४५.६ देखाउनुपर्नेमा ४८.३ देखाई वढी दावि गरेको |
| Slab Beam | 0.234 | | | लम्वाई वढी देखाएको |
| Total | 21.77 | २७७९६.८३ | ६०५१३६.९८ | |
| | | जम्मा : | ६११४३५.५४ | |
| | | उपभोक्ताको अंश २२.३३ प्रतिशत | १३६५३३.५६ | |
| | | असुल हुनु पर्ने | **४७४९०१.९** | |

**(घ)महादेव मा.वि. लिम**

| कामको विवरण | कामको परीमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|
| P.c.c.for R.c.c | 0.9747 | 24491.12 | 24065.43 | Slab Beam को Length ५८.१५ हुनु पर्नेमा ७७.१ देखाई वढी दावि गरेको |

| | | | | |
|---|---|---|---|---|
| | | उपभोक्ताको खुद | (४०४५.५६) | |
| | | असुल हुनु पर्ने | **२००२०.८६** | |
| | **कुल जम्मा असुल हुनु पर्ने रकम** | | **५,५६,२६८/१९** | |

| | | |
|---|---|---|
| | **(ङ)**उपरोक्त वमोजिम केदार नि.मा.वि. र महेश्वर नि.मा.वि को भवन निर्माण तर्फ क्रमश रु १७,८३,८७६।– र रु२३,०७,९०४।– लागत अनुमान रहेकोमा उक्त कार्यको मुल्यांकन भएको क्रमश रु १६,८८,८७७–र २१,४६,२८८।–भएकोमा उक्त मुल्यांकनमा संझौताा वमोजिमको जन श्रमदानको अंश २०.१२ र ३८.२६ प्रतिशतलेहुने रकम कटाई वांकीक्रमश रु १३,४८,९०६।–र रु १३,२५,११८।–मात्र भुक्तानी दिनु पर्नेमा रु १४,२५,०००।–को दरले भुक्तानी दिएकोले वढी भुक्तानी दिएको क्रमश रु ७६,०९४।–र रु ९९,८८२।– समेत जम्मा रु १,७५,९७६।–वढी भुक्तानी दिएको देखिएकोले यसरीघटी जन श्रमदान कटाएको सम्वन्धमा आधार प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनुपर्ने रु | १,७५,९७६/- |
| ४२. | **सुनकुडा डुम्रीकाृट ग्रामिण सडक** :यस सडकको लागत अनुमान गर्दा जम्मा कटान २०९८८.३ घ.मी. रहेकोमा माटोको वर्गिकरण गर्दा २२,८४२.८ घ.मी. देखाएकोले२०२४.६० घ.मी.को रु २,०७,५५३।००ले वढी लागत अनुमान तयार हुन गएको छ ।यस सडकको भुक्तानी हुंदा उक्त रकमले वढी भुक्तानी हुन जाने हुंदा सो सम्वन्धमा कार्यालयको ध्यानाकर्षण हुनु पर्दछ । | |
| ४३. | **देउलेख मडपाडपाखा विरताडि सडक** :यस सडकमा विगत वर्षमा ०+००० देखि ३+०२० र यो वर्ष १+७९० देखि ३+०२० र अर्को शिर्षकवाट चेनेज नखुलाई१४९४ रनिङ मिटर सडककट्ने काम भएको छ । कार्यालयले सलाईनमेन्ट परिवर्तन गरेको जवाफ दिएको भए पनि उक्त सडकको विस्तृत रुपमा नाँपजाँच गरी कामको दोहोरो परे नपरेको यकिन गर्नु पर्दछ । | |
| ४४ | **मेल्टी गाड देखि रचौडी सिंचाई कुलो :** यस योजनाको लागत अनुमान तयार गर्दा डण्डीको दर प्रति के.जी. रु ११९।७४ मात्र राख्नु पर्नेमा रु १९५।४७ को दरले राखि तयार गरेको देखिएकोले प्रति के.जि. रु ७५।७३ को दरले हुने रु ६,५६,०७७ ।–ले वढी लागत अनुमान तयार गरेको देखियो । यसरी वढी दरमा लागत अनुमान तयार गरी सोही वमोजिम नव दुर्गा कन्स्टक्सन एण्ड सप्लायर्स मार्फत उक्त कार्य सम्पन्न गरेकोले निर्माण व्यवसायीलाई उक्त रकमको अनुपातिक रुपमा वढी भुक्तानी हुन गएकोदेखिएकोले लागत अनुमान र ठेक्काको रकम संशोधन गरी वढी भुक्तानी भए नभएको यकिन गरी वढी भुक्तानी भएको भए असुल गर्नु पर्ने रु | ६,५६,०७७/- |
| ४५ | **सुनकुडा–धारी –डोला ग्रामिण सडक** :यस सडकको निर्माण कार्यको ठेक्का भुमीराज कन्स्टक्सनले लिएकोमा उक्त सडकमा गत वर्ष ३+२९३ देखि ४+६१३ र प्रदेश सुकारवाट २+७८० देखि४+५०० सम्म कार्य गरेको देखियो । यसरी एउटै चेनेज २+७८० देखि ४+५०० मा दोहोरो कार्य गरेको देखिएकोले सो सम्वन्धमा गाउँपालिका वाट प्राविधिक समिति गठन गरी सो समिति मार्फत विस्तृत नाँपजाँच गराई प्रतिवेदनको आधारमा सोको यर्थातता यकिन गर्नु पर्ने देखिएको रु | ३६,४१,९३३/४४ |
| ४६ | **शिक्षा तर्फः तलव भत्तामा वढी निकासा** :३।०७५।६।२१ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयलेसुनकुडा मा.वि.का शिक्षक हरुको प्रथम किस्ताको तलव भत्ता निकाशा दिंदा विध्यालयको शिक्षकहरुको तलवी शिट अनुसार रु ३५,०२,९५७। मात्र निकासा दिनु पर्नेमा रु ३७,०४,१६३। निकासा दिएको देखिएकोले वढी निकासा पठाएको रु २,०१,२०६।–सम्वन्धित विध्यालयवाट असुल गरी वेरुजु वापतको राजस्व खातामा दाखिला गर्नु पर्ने देखिएको रु | २,०१,२०६/- |
| ४७ | **शिक्षकहरुको पारीश्रमिक कर** :आयकर ऐन २०५८ को दफा ८ अनुसार वासिन्दा व्यक्तीको वार्षिक पारीश्रमिक आयमा ऐनको अनुसूचि १ अनुसार तोकिऐको दरले कर गणनागरी असुल एवं दाखिला गर्नु पर्ने व्यवस्था छ ।यस गाउँपालिका अन्तरगतका विध्यालयहरुमा कार्यरत शिक्षक तथा शिक्षीकाहरुको पारीश्रमिक वापतको रकम गाउँपालिकाले एकमुष्ट विध्यालयको खातामा पठाउने | |

गरेकोमा सम्वन्धित विध्यालयहरुले तलव भत्ता वितरण गर्दा श्रोतमानै ऐनको उक्त व्यवस्था वमोजिम कर योग्य व्यक्तीको कर गणना गरी कर असुल गरी दाखिला गर्नु पर्ने हुन्छ । विध्यालय हरुले पेश गरेको तलव भत्ता माग फारम हरुको परीक्षणमा कर गणना एवं दाखिला गरेको नदेखिएको कतिपय विध्यालय हरुले कर गणना गरेको भए पनि यर्थात एवं पूर्ण रुपमा नगरेको १ प्रतिशत सा.सु. कर मात्र हिसाव गरेको देखिएको र  कर कट्टा गर्न छुट भएको सम्वन्धमा यस गाउँपालिका वाट कुनै निर्देशन नभएको र अर्को किस्ता निकासा दिंदा पहिलो किस्ता रकमको कर गणना गरे नगरेको यकिन गर्नु पर्नेमा गरेको नदेखिएकोले सो सम्वन्धमा कार्यालयको  ध्यानाकर्षण हुनु पर्ने देखियो ।

**वित्तीय समानीकरण (चालु) थर्फ**

४८. **बैठक भत्ता :** सुदुर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहको आन्तरीक स्रोत समेतको आधारमा मासिक पारीश्रमिक,दफा ४ मा यातायात सुविधा,दफा ५ मा पत्रपत्रिका र सञ्चार सुविधा र दफा ६ मा दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ । स्थानीयतहका पदाधिकारीहरुले प्राप्त गर्ने सेवा तथा सुविधा सम्वन्धित प्रदेशको कानूनले निर्धारण गरेको रकमभन्दा वढी हुनेगरी तथा सो कानूनले नदिएको सेवा सुविधा प्रदान गर्न सक्ने आधार देखिदैन । सम्वन्धित प्रदेश कानूनले नदिएको सेवा सुविधा तथा बढी हुनेगरी कुनै पनि स्थानीय तहले आफैले निर्णय गरेर आफ्ना पदाधिकारीहरुलाई सेवा सुविधा प्रदान गर्न सक्दैन । तसर्थ प्रदेश कानूनले नदिएको पदाधिकारीहरुको सेवा सुविधा  स्थानीय तहले आफ्नो निर्णयका आधारमा वैठकमा उपस्थित पदाधिकारीहरुलाई यातायात र खाजाखर्च भुक्तानी दिन अत्यावस्यक भएको व्यहोरा जनाई भुक्तानी खर्च लेखेको नियमसम्मत नदेखिएको  रु १८,८१,१०५/-

**कार्यपालीकाको वैठक तर्फ :**

| भौ.नं.,मिति | वैठको समय | रकम(कर वाहेक) |
|---|---|---|
| ८३/२०७५/८/२१ | श्रावण देखि मंसिर १५ सम्म | ३,०६,७६९/- |
| २२८/२०७५/१२/११ | मंसिर देखि चैत्र सम्म | १,८०,५३०/- |
| **जम्मा** | | **४,८७,२९९/-** |

**वडा तर्फ :**

| वडा नं. | **वैठक भत्ता रकम (प्रथम चौमासिक) कर वाहेक** | **वैठक भत्ता रकम (दोस्रो चौमासिक) कर वाहेक** |
|---|---|---|
| १ | ७९६४६ | ७९६४६.०० |
| २ | ६६३७२ | ६६३७२.०० |
| ३ | ७९६४६ | ७९६४६.०० |
| ४ | ७९६४६ | ७९६४६.०० |
| ५ | ७९६४६ | ७९६४६.०० |
| ६ | ७९६४६ | ७९६४६.०० |
| ७ | ७९६४६ | ७९६४६.०० |
| ८ | ७९६४६ | ६६३७२.०० |
| ९ | ७९६४६ | ७९६४६.०० |
| **जम्मा** | **७,०३,५४०/-** | **६,९०,२६६/-** |
| कुल जम्मा : | **१८,८१,१०५/-** | |

४९. **आन्तरीक लेखापरीक्षण :**स्थानीय सरकार संचालन ऐन २०७४(२) तथा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ मा आन्तरीक लेखा परीक्षण सम्वन्धी व्यवस्था छ । कोष तथा लेखानियन्त्रक

| | | |
|---|---|---|
| | कार्यालयबाट आन्तरीक लेखा परीक्षणगरी मिति २०७६/५/३० मा प्रतिवेदन दिएको छ । आन्तरीक लेखापरीक्षणवाट औल्याईका व्यहोरा निम्नानुसार छन् । आन्तरीक लेखापरीक्षकबाट औल्याईएको वेरुजू फछर्यौट गरिनु पर्दछ । | |
| ४९.१ | सार्वजनिक खरिद ऐन २०६३को दफा ५२ क मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपुर्तिकर्ता निर्माण व्यबसायी वा सेवा प्रदायक बाट अग्रिम बैकं जमात लिई खरिद सम्झौता रकमको २० प्रतिशतमा नबढ्ने गरी दिने व्यव्बस्था छ तर विथ्थडचिर गाउपालिकाले सिल्पोलिन प्लाष्टिक हाउस खरिदका लागी सिलबन्दी दरभाउपत्र आव्हान गरी पाण्डेस्टोर तानसेन पाल्पा संग रु.१९,९८,७४४/-को खरिद कार्य गरिएको मा बैक बाट कार्य सम्पादन जमानत र अग्रिम भुक्तानी जमानत नलिई ७० प्रतिशत ले हुने रु.११,९९,०००/-. पेश्की उपलव्ध गराएको देखियो यसरी नियममा उल्लेख गरेको भन्दा वढी पेश्की दिन मिल्ने देखिदैन ।तसर्थ सो सम्वन्धमा कार्यालयले सुधार गर्नु पर्दछ । | |
| ४९.२ | **अनुगमन भत्ता :**३७५।०७६।१।११ वडा नं.१देखि ९ सम्मका वडाका विभिन्न योजाना अनुगमन गरेको भनी वडा अध्यक्ष लगात वडा सदस्य तथा कर्मचारी हरु ले रु १,२०,०००।– भुक्तानी लिएको मा भ्रमण खर्च नियमावली २०६४ को नियम ७(८) वमोजिम १५ कि.मी. भित्र भ्रमण तथा अनुगमन गर्दा भत्ता नपाउने व्यवस्था गरेकोमा आफ्नो वडा भित्र अनुगमन गर्दा नियमको उक्त व्यवस्था वमोजिम १५ कि.मी. भन्दा टाढाको दुरीमा भ्रमण गरेको खुल्ने आधार प्रमाण वेगर आफनो वडा भित्रको अनुगमन गरेको आधारमा भ्रमण खर्च लिन पाउने नदेखिएकोले सो सम्वन्धमा १५ कि.मी. भन्दा टाढाको दुरीमा भ्रमण गरेको लगायतको आवस्यक प्रमाण पेश गर्ने अन्यथा असुल गर्नू पर्ने रु | १,२०,०००।– |
| ४९.३ | **पारीश्रमिक कर**: १४३।०७५।१०।२० आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । नि.प्र.प्र.अधिकृत पदम राज ओझा तलब भत्ता भुक्तानी गर्दा ग्रेडबढी भुक्तानी भएको रकम रु. ६,२६४/-असुल उपर हुनुपर्ने रु | ६,२६४/- |
| ४९.४ | **अनुगमन खर्च** : यस गाउँपालिकाका नि.प्र.प्र.अधिकृतको स्वीकृत आदेशवाट जनमुखि एफएम का संचालकलाई दैनिक भ्रमण -अनुगमन) भत्ता पटक पटक निम्नानुसार रु ७१,६७०।– भुक्तानी दिएको देखियो । यसरी एफ .एम. संचालकको लागि भ्रमण खर्च भुक्तानी गर्न मिल्ने आधार वेगर भुक्तानी दिएको रकम अनियमित देखिएको रु | ७१,६७०।– |

| गो.भौ.नं. र मिति | भूक्तानी दिएको रकम | कैफियत |
|---|---|---|
| २२०/०७६/२/१४ | ५३७००.०० | ६ पटकको |
| ३००/०७६/२/१४ | ९०५०.०० | |
| १८५/०७६/ | ८९२०.०० | |
| जम्मा | **७१,६७०/-** | |

| | | |
|---|---|---|
| ४९.५ | **नक्कली प्लेन टिकट पेश गरेको :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ ।गाउँपालिका उपाध्यक्ष जानकि वरालले भ्रमण खर्च वापतको रकम भुक्तानी दिंदा निजले अर्को व्यक्ती (हरिमान वोहोराको) उडान गरेको वोर्डिङ पास र प्लेन टिकट पेश गरेको आधारमा भुक्तानी दिएको देखिएकोले यस्तो रकम भुक्तानी दिन मिल्ने नदेखिएकोले असुल हुनु पर्ने रु | ५,०००/- |
| ४९.६ | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकावडा अध्यक्ष मान वहादुर वोहरा २०७५।८।८देखि२०७५।८।१५सम्म कार्यालयको गाडिको ना सारी गर्न भनी धनगढी काज गएको देखाई रु १०,१५०।– दैनिक भ्रमण खर्च भुक्तानी दिएकोमा निज २०७५।८।१३ मागाउँपालिकाको वैठकमा उपस्थित भएको देखिएकोले भ्रमण नगरी भ्रमण खर्च भुक्तानी दिएको स्पष्ट हुन्छ । तसर्थ यस्तो रकम असुल हुनु पर्ने रु | १०,१५०/- |
| ५०. | **पेश्की दिंदा लागत अनुमान :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठि, कार्यशाला गोष्ठि आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा | |

| | | |
|---|---|---|
| | लागत अनुमान तयारी गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । त्यस्तै स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, कार्यशाला, गोष्ठि आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरुप कार्यसम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानहरुको विवरण तथा विल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले २०७५/०७६ मा कृषि, शिक्षा, पशु र स्वास्थ्य सम्वन्धी कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको वखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठि सञ्चालन गर्नुपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने जस्ता कार्यहरु गर्दा कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु तोकिएको संख्या, नर्म्स र मापदण्ड अनुरुप सञ्चालन नहुने देखिएको छ । तसर्थ मौजुदा नियम, निर्देशिका र कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गरी लक्षित वर्गलाई वढीभन्दा वढी लाभन्वित तुल्याउने तर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्दछ । | |
| ५१. | **हाट वजार सञ्चालन तथा घर भाडा :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२(२) मा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलव्ध गराएको सेवा उपयोग गरेवापत सम्वन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने उल्लेख छ । यस गाउँपालिकाले यो वर्ष कुनै ठेक्का लगाएको छैन । | |
| ५२. | **सामाजिक सुरक्षा भत्ता वितरण :** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३(१) मा तोकिएका नेपाली नागरिकलाई सामाजिक सुरक्षा भत्ता पाउने उल्लेख छ । नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता वैकिङ प्रणाली मार्फत वितरण गर्न जोड दिएकोमा कार्यालयले सो वमोजिम नगरी यो वर्ष सम्पूर्ण रकम सम्वन्धित वडालाई पेश्की उपलव्ध गराई नगदै वितरण गरेको देखिएकोछ । यसरी नगदै विभिन्न ल्याप्चे दस्तखत मार्फत सो भत्ता बुझाएको भर्पाईको आधारमा पेश्की फछ्र्यौट गरेको देखिंदा भुक्तानी खर्च लेखेको रकम वास्तविक लाभ ग्राहीले लाभ प्राप्त गरेको सम्वन्धमा यर्थातता यकिन गर्न सकिएन । तसर्थ नेपनल सरकारको नीति अनुरुप वैकिङ प्रणाली मार्फत वितरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ५३. | **खाजा तथा ईन्धन :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष इन्धनमा रु. ११,५०,०००।-, विविध खर्चमा रु ४१,००,०००।- खर्च लेखेको छ । विविध खर्च शीर्षकबाट गरिएको खाजा तथा अतिथि सत्कार जस्ता खर्चहरुको विवरण संलग्न गरेको देखिदैन खुला विलको अधारमा भुक्तानी गरेकोछ । भने ईन्धन खर्च भुक्तानी गर्दा निजी सवारी साधनमा समेत ईन्धन कुपन उपलव्ध गराएको, लगवुक व्यवस्थित नरहेकोले खर्च उपयोगको सहि र वास्तविकतालाई पुष्ट्याई गर्न कठिन देखिन्छ । आन्तरिक नियन्त्रण प्रणाली बनाई व्यवस्थित गरेर यस्ता खर्चहरुलाई नियन्त्रण गर्न कार्यालयले विशेष ध्यान दिनुपर्दछ | |
| ५४. | **पेश्की वाँकी :** आर्थिक प्रशासन नियमावली २०६४ को नियम ७८ मा अनुसार आर्थिक वर्षभित्र फछ्र्यौट गर्ने गरी कसैलाई पेश्की उपलव्ध गराउन सकिने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष २०७६।३।३० मा सुनकुडा मा.वि.लाई भवन निर्माणको लागि. रु १,५०,००,०००/-पेश्की उपलव्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म फछ्र्यौट गरेको देखिएन । तोकिएको अवधिभित्रै पेश्की फछ्र्यौट गर्नु गराउनु पर्ने रु | १,५०,००,०००/- |
| ५५. | **अनुगमन तथा मुल्यांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले वेरुजु फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । कार्यालयको नाममा हाल सम्म के कति वेरुजु रहेकोछ ,सोको लगत अध्यावधिक गरी नियमामनुसार वेरुजु फछ्र्यौट गर्नु पर्दछ । कार्यालयले वेरुजुको लगत ऋध्यावधिक गरी राखेको छैन ।कार्यालयले यो वर्ष लेखापरीक्षणको अवधिमा निम्नानुसार रु १६,०६,४९०/- वेरुजु फछ्र्यौट गरी संपरीक्षणको लागि अनुरोध भई आए वमोजिम संपरीक्षण हुंदा फछ्र्यौटको व्यहोरा मनासिव देखिएकोले संपरीक्षण गरीएको छ । | |

| वेरुजु दफा नं. | आ.व. | फछ्र्यौटको व्यहोरा | पछ्र्यौट गरीएको रकम | संपरीक्षण गरीएको रकम |
|---|---|---|---|---|
| २ | ०७४/७५ | सामाजिक सुरक्षा भत्ता वडा न.४ र ५ वेरुजु दाखिला भएको प्रमाण पेश | ३६००० | ३६००० |
| २ | ०७४/७५ | भ्रमण खर्च वढी भुक्तानी र कर | १२०९० | १२०९० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | नकटाएकोमा वेरुजु दाखिला गरेको | | | | |
| | ६५ | ०७३/७४ | सामाजिक सुरक्षा रकम वितरण को प्रमाण सुनकुडा गा.पा.वडा १देखि ९ | १५५८४०० | १५५८४०० | | |
| | | | जम्मा : | | १६,०६,४९०/- | | |

**अनुसूची- १**

## वित्थडचिर गाउँपालिकाको सञ्चित कोष विवरण

## २०७५।७६

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | यस वर्षको जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | यस वर्षको जम्मा खर्च | |
| | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| **वित्थडचिर गाउँपालिका** | बझाङ | **४४७२१** | १११४२५ | १८३४७७ | १०९२४२ | **४०४१४४** | २६३३१६ | १७३२७३ | १८०९ | **४३८३९८** | १०४६७ |

**अनुसूची– २**

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७५।७६

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| बझाङ | **वित्थडचिर** | ४० | ३७ | ३७३७७ | ० | ९ | ६४१९ | ४० | २८ | **३०९५८** | २८०८ | २०७३ | ११०७७ | ० | ० | १३१५० | ० | १५००० | १५००० |

**अनुसूची- ३**

## अद्यावधिक वेरुजू स्थिति

## २०७५।७६

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्योट | बाँकी | यो वर्ष सं.प बाट कायम भएको वेरुजू | यस वर्षको वेरुजू | कुल वाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| | वित्थडचिर गाउँपालिका | बझाङ | **६१६९** | ० | ६१६९ | ० | ३०९५८ | ३७१२७ |